IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय ‘क’ वर्ग
प्रतीक
दैनिक
eprateekdaily.com

अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार;
व्यक्ति, समाज र राष्ट्र जिम्मेवार ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 18 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०२

# चाँडै सीमानाका खुल्छ –उपप्रम पोखरेल

प्रस, परवानीपुर, ४ चैत/
उपप्रधानमन्त्री ईश्वर पोखरेलले दुई दिनमै देशका सम्पूर्ण सीमानाका खोलिने बताएका छन् । उच्चस्तरीय कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रका संयोजकसमेत रहेका उपप्रधानमन्त्री पोखरेललाई ज्ञापनपत्र बुझाउन वीरगंजबाट आएको टोलीसँग कुराकानी गर्दै उनले यस्तो बताएका हुन् । उनले भने, “हामी पनि भारत र चीनसँग टाँसिएका सीमानाका पूर्णरूपमा खोल्नेबारे सोचिरहेका थियौं, तपाईंहरू आउनुभएको छ, भोलि बिहीवार अपरान्ह ४ बजे सिसिएमसीको बैठकमा सीमानाका पूर्णरूपमा खोल्नुपर्ने विषय प्रस्ताव गर्छु, शायद भोलिदेखि नै पर्यटकको गाडी आवागमनसहितको सीमानाका खोल्ने निर्णय हुनेछ ।”


उपप्रम पोखरेललाई ज्ञापन बुझाउँदै टोली । तस्वीरः प्रतीक

मन्त्रीनिवास हरिहर भवनमा भएको भेटघाटको क्रममा होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंज र पर्यटन पत्रकार सङ्घ पर्साको संयुक्त टोलीले भारतसँगको सीमानाका सवारीसाधनको आवागमनसहित खोल्नुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएपछि उनले देशका सम्पूर्ण सीमानाका खोल्न नेपाल सरकार प्रतिबद्ध रहेको जानकारीसमेत गराए ।

“नेपाल–भारतबीचको सीमानाका पूर्ववत् किसिमले खुल्छ, दुवै देशबीचको परस्परको आपसी सम्बन्ध हेरेर निर्णय गर्छौं,” उनले भने, “कोरोना रोकथामको लागि सीमा बन्द हुँदा व्यवसायीलाई ठूलो घाटा लागेको कुरा सरकारले बुझेको छ ।”

कोरोना महामारी रोकथाम तथा नियन्त्रणको लागि गत २०७६ चैत ११ गतेदेखि नेपाल सरकारले नेपालमा लकडाउन शुरु गर्दै सीमानाका बन्द गर्ने निर्णय गरेको थियो । पछि अवस्था सामान्य हुँदै जाँदा नेपाल सरकारले सीमानाका खोल्ने निर्णय गरे तापनि निर्णय कार्यान्वयनमा समस्या हुँदा गृहले भारतीय मालवाहक गाडीबाहेक अन्य सम्पूर्ण गाडीको प्रवेशमा रोक लगाएको छ । जबसम्म भारतीय सवारीसाधनहरू नेपाल आउँदैनन्, तबसम्म भारतीय पर्यटकहरू नआउने र भारतसंग टाँसिएको सीमावर्ती क्षेत्रका होटल व्यावसाय फस्टाउँदैनन् । यसैगरी, सौराहा, पोखरा, काठमाडौं, लुम्बिनी, जनकपुरलगायतका क्षेत्रमा भारतीय पर्यटकको आवागमन बढाउन सकिदैन ।


पर्यटनमन्त्री ढकाललाई ज्ञापन बुझाउँदै टोली । तस्वीरः प्रतीक

वीरगंजको टोलीले पर्यटनमन्त्री भानुभक्त ढकालसँग पनि भेटघाट गरेर भारतीय गाडी प्रवेशसहितको नेपालले भारतसँगको सीमानाका खोल्दा मारमा परेको होटल व्यवसायलाई पुनर्जीवित पार्न सकिने बताएको थियो । पर्यटनमन्त्री ढकालले पनि सीमानाका पूर्णरूपमा खोल्ने विषयमा भोलिको बैठकले उपयुक्त निर्णय गरी अघि बढ्ने बताए ।

उपप्रधानमन्त्री पोखरेल तथा पर्यटनमन्त्री ढकाललाई ज्ञापनपत्र बुझाउन आएको टोलीमा होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्त, महासचिव माधव बस्नेत, पर्यटन पत्रकार सङ्घ पर्साका सदस्य त्रितेश त्रिपाठी, राधेश्याम पटेल, एमाले पर्साका नेता सुन्दरप्रसाद कुर्मी तथा एमालेनिकट विद्यार्थी नेता शिवजी गुप्ताको सहभागिता थियो ।

नेपालले लामो समयसम्म भारतसँगको सीमानाका आंशिकरूपमा मात्र खोल्दा होटल व्यवसायी ऋणमा डुबेको र होटल व्यवसायमा गरेको लगानी पनि डुब्ने अवस्थामा छ । नेपाली होटल व्यवसायमा भारतीय पर्यटकको आवागमन ६० प्रतिशतभन्दा बढी छ । सोही कारणले करीब ६ महीनादेखि होटल तथा पर्यटन व्यवसायीहरू भारतीय नाका पूर्णरूपमा खोल्न माग गरिरहेका छन् ।

# जिससलाई अधिकारविहीन बनाइएको आरोप

प्रस, वीरगंज, ४ चैत/
जिल्ला समन्वय समिति, पर्साको तेस्रो जिल्लासभा बुधवार सम्पन्न भएको छ । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि सांसद प्रदीप यादवले केन्द्र सरकारले जिससलाई अधिकारविहीन बनाएको आरोप लगाए ।




उनले संस्था खडा गरे मात्र हुँदैन, उसलाई अधिकार पनि दिनुपर्छ उनले बताए । उनले सत्तारुढ दलको आन्तरिक लडाईंको कारण मुलुकको अवस्था बिग्रँदै गएको आरोप लगाए ।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले स्थानीय तहसँग स्रोतसाधन कम रहेको तर जनताको अपेक्षा बढिरहेको कारण स्थानीय सरकारले चाहे अनुसारको काम गर्न नसकेको बताए । यसअघि १८ वर्षसम्म जनप्रतिनिधिविहीन रहेको स्थानीय तह विगत तीन वर्षदेखि जनप्रतिनिधिसहित पुनर्जीवित भएको स्थानीय तहले स्रोत साधन अनुसार कार्य गर्दै आएको बताए । एकैपटक विकास नहुने र विकास क्रमिकरूपमा हुँदै जाने उनको धारणा थियो । जनप्रतिनिधि विहीन र सहितको मूल्याङ्कन गर्दा जनप्रतिनिधिसहितको वीरगंज महानगरलगायत अन्य स्थानीय पालिकाहरूमा परिवर्तन भएको सजिलै देख्न सकिने उनले बताए ।

कार्यक्रममा विभिन्न दलका प्रतिनिधिहरूले स्थानीय तहहरूमा भएको भ्रष्टाचार नियन्त्रण गर्न कुनै निकाय नरहेको बताएका थिए । उनीहरूले पर्सा जिल्लाका स्थानीय तहहरूमा अहिले प्रत्येक विकास निर्माण कार्यमा कमिशन २० प्रतिशतबाट बढेर ४० प्रतिशतसम्म पुगेको बताए । उपभोक्ताको नाममा योजना हात पार्ने र ठेकेदारलाई बेच्ने परिपाटीको अन्त्य हुनुपर्ने उनीहरूले जोड दिए । स्थानीय तहमा बढ्दो भ्रष्टाचार, गैरजिम्मेवारीपन रोक्न संयन्त्र बनाउनुपर्ने आवश्यक रहेको पनि उनीहरूले बताए ।

जिसस पर्साका सभापति नेकमहम्मद अन्सारीको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, भूमि व्यवस्था समन्वय समितिकी अध्यक्ष विनादेवी शर्मा, नेकपा एमाले पर्साका अध्यक्ष प्रभु हजरा, माओवादी पर्साका अध्यक्ष प्रभु यादव, जसपा पर्साका अध्यक्ष रामनरेश यादव, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष श्याम बन्जारा, जिसस पर्साका उपसभापति ठाकुरप्रसाद न्यौपाने, सदस्य आमोद यादवलगायतले धारणा राखेका थिए । कार्यक्रममा सहभागी १४ वटै स्थानीय तहका प्रमुख, उपप्रमुखको बन्दसत्रमा सहभागिता छ ।

# सबै स्थानीय तहसँग समन्वय गरेर अगाडि बढ्नुपर्छ

प्रस, वीरगंज, ४ चैत/
जिल्ला समन्वय समिति, बाराको ११औं जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।




बैठकको उद्घाटन जिसस बाराका सभापति नवलकिशोर सिंहले गरेका थिए । कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सबै स्थानीय तहसँग समन्वय गरेर अगाडि बढ्ने बताए । उनले स्थानीय तहमा सामाजिक अपराधका घटनाहरू बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै स्थानीय सरकार यसको न्यूनीकरणमा अग्रसर हुनुपर्ने बताए । उनले प्रहरी प्रशासनले मात्र सामाजिक विकृतिका घटनाहरू नियन्त्रण गर्न नसक्ने र त्यसमा स्थानीय तहको भूमिका प्रभावकारी हुनुपर्ने बताए । उनले जिल्लामा बढ्दो तस्करी, लागूऔषधका घटनाप्रति पनि चिन्ता व्यक्त गरे । सबैखाले विकृतिविरुद्ध सहकार्य गरेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले प्रहरीले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरिरहेको बताए । उनले स्थानीय तहसँगको सहकार्य र समन्वयमा सामाजिक विकृतिका घटनाविरुद्ध प्रहरीले अभियान चलाउने बताए ।

महिला सञ्जालकी लक्ष्मी रायले जबरजस्ती करणी, किशोरी अपहरणका घटना बढिरहेकामा चिन्ता व्यक्त गरिन् ।

बैठकमा कलैया उपमहानगरका प्रमुख राजेशराय यादव, गापा प्रमुखहरू भोलाप्रसाद गुप्ता, महेन्द्रप्रसाद यादव, भुवनेश्वर धामी, उपप्रमुखहरू चित्रलेखा चौधरी, सरस्वती चौधरी, गीता साहलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण कलैया उमनपा वातावरण शाखाका प्रमुख रामजी मण्डलले गरेका थिए ।

# साहिदको हत्या आरोपमा तीनजना युवक पक्राउ

प्रस, जीतपुर, ४ चैत/
जिल्ला प्रहरी कार्यालय, बाराले जीतपुरसिमरा उपमहानगर–२३ भलुही निवासी १४ वर्षीय साहिद हुसेन मियाँको हत्या सम्बन्धमा तीनजना युवकलाई पक्राउ गरी बुधवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ ।


पत्रकार सम्मेलनमा हत्याको आरोपमा पक्राउ परेका युवकलाई सार्वजनिक गर्दै । तस्वीर सौजन्यः जिप्रका, बारा

जिल्ला प्रहरी कार्यालय, बारामा आयोजित पत्रकार सम्मेलनमा सोही टोलका २५ वर्षीय क्यामुद्दीन मन्सुरी, २१ वर्षीय अमर हुसेन मियाँ हजाम र १९ वर्षीय आबेद्दीन मियाँ अन्सारीले साहिदको हत्या गरेको पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले बताए । फागुन ११ गतेदेखि हराएका साहिदको शव २८ गते जीतपुरसिमरा उपमहानगर–१० बेहरास्थित फैक्ट्रीको फोहर फाल्ने डम्पिङ साइटमा सडेगलेको अवस्थामा बरामद भएको थियो ।

जिप्रका बाराका प्रवक्ता एवं प्रनाउ गौतम मिश्र नेतृत्वको अनुसन्धान टोलीले तीनजना अभियुक्तलाई सो घटना सम्बन्धमा पक्राउ गरेको पत्रकार सम्मेलनमा बताइएको थियो । पक्राउ परेका तीनजना र मृतक साहिद लागूऔषध प्रयोगकर्ता भएको र सो दिन

(बाँकी अन्तिम पातामा)

# पर्सामा घरेलु/सामाजिक, आत्महत्या र करणीको घटना बढ्यो

प्रस, वीरगंज, ४ चैत/
पर्सा जिल्लामा घरेलु हिंसा, सामाजिक हिंसा, आत्महत्या र जबरजस्ती करणीका घटनाहरू बढ्दै गइरहेको पाइएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्क अनुसार आव २०७५/०७६ मा ७८६ वटा घरेलु हिंसाका घटना भएका थिए भने सोमध्ये ६८० वटा फछ्र्योट भएका थिए । यसैगरी, गत आव २०७६/०७७ मा ६३१ वटा घटना भएकामा ५१४ वटा फछ्र्योट भएका थिए । चालू आवको फागुन महीनासम्म ३३३ वटा घटना भएकामा १६७ वटा फछ्र्योट भएको जिप्रका पर्साले जनाएको छ । सामाजिक हिंसा अन्तर्गत आव २०७५/०७६ मा ८९७ वटा घटना भएकामा ७७५ वटा फछ्र्योट भएका थिए । गत आवमा ७६९ वटा घटना दर्ता भएकामा ६७५ वटा फछ्र्योट भएका थिए भने चालू आवको फागुन महीनासम्म ३९१ वटा घटना दर्ता भएकामा १६५ वटा फछ्र्योट भइसकेका छन् ।

जबरजस्ती करणीको मुद्दामा आव २०७५/०७६ मा ३३ वटा घटना भए भने गत आवमा ३९ र चालू आवको फागुनसम्म २२ वटा दर्ता भएका छन् । यसैगरी, जबरजस्ती करणी उद्योगमा गत वर्ष चारवटा घटना दर्ता भएका थिए भने चालू आवको फागुनसम्म ५ वटा घटना दर्ता भइसकेका छन् ।

मानव बेचबिखनमा गत आवमा ७ र चालू आवमा एउटा मात्र मुद्दा दर्ता भएका छन् । बहुविवाहमा गत आवमा ९ र चालू आवमा दुईवटा मुद्दा दर्ता भएका छन् भने कर्तव्य ज्यान मुद्दामा गत आवमा १० र चालू आवमा ५ वटा दर्ता भएका छन् ।

आत्महत्यामा गत आव ६६ र चालू आवमा फागुनसम्म ४२ वटा मुद्दा दर्ता भए । बाल यौन दुर्व्यवहारमा गत आवमा ४ र चालू आवको फागुनसम्म ५ वटा मुद्दा दर्ता भएका छन् । दाइजोविरुद्धको मुद्दामा गत आवमा ३ र चालू आवमा एउटा मात्र मुद्दा दर्ता भए ।

**जे भइरहेको छ हुन देऊ ! भगवान्‌ले तिम्रो सोचभन्दा पनि केही असल तिम्रालागि सोचिरहेका छन् ।**

**-विचारसार एवं सूक्तिहरू**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## इमानदारिता नटुटोस्

**धेरैपटक वीरगंज नगरपालिकाले अतिक्रमित जग्गा कब्जा गर्ने कोशिश गऱ्यो । नसक्नुमा उदासीनता प्रमुख कारण थियो । अब नगरपालिका महानगरपालिका बनिसकेको छ । हिजो नगरपालिकालाई जग्गाको त्यति खाँचो थिएन, वास्ता गरेन । यसले गर्दा भूमाफियाहरूको बिगबिगी बढ्यो । हुनत पञ्चायतकालमा पनि जनताको जग्गा अधिग्रहण गरियो । भूमाफियाहरूले गर्ने पनि अधिग्रहण नै हो, तर गैरकानूनी । पञ्चायतकालमा अधिग्रहण गरिएको जग्गामा आज आदर्शनगर आबाद छ, बाइपास, सेकेन्ड बाइपास बनेको छ र त्यसको छेउछाउ उच्च गुणस्तरको आधुनिक शहरको विकास भएको छ । त्यही क्रममा पोखरिया र श्रीसिया गाउँमा पनि जग्गा अधिग्रहण भयो, जसको हबिगत लाजमर्दो देखिएको छ । दुवै ठाउँमा शहरको विकास हुन सकेन । अब श्रीसिया नगर विकासको जिम्मा महानगरपालिकाको कार्यक्षेत्रमा आइपुगेको छ । केही होला भन्ने आशा पैंतीस वर्ष पहिले श्रीसियामा प्लट खरीद गर्ने उपभोक्तामा पलाएको हुनुपर्छ । हिजो सरकारको नाममा गरिएको अधिग्रहित जग्गा ढिलै भएपनि जग्गाधनीको आधिकारिकतामा आउँछ । तर वीरगंज नगरलाई नाङ्गेझार पारेर भूमाफियाहरूले गरेको गैरकानूनी अधिग्रहणबाट सोझा नागरिकको उठिवास हुनेबाहेक केही देखिन्न । हो, ती जग्गा महानगरपालिकाले आफ्नो कब्जामा लिन सक्ने हो भने नगरलाई चाहिने कुनै न कुनै संरचना अवश्य बन्ला । चिल्ड्रेन पार्क चाक्लो भएर सबै उमेरका व्यक्तिको पार्क बन्न सक्ला ।**

**वीरगंज महानगरपालिका भएपछि मेयर निर्वाचित भएका विजयकुमार सरावगीले पहिले पनि सार्वजनिक सभाहरूमा नगरपालिकाको जग्गामा भएको अतिक्रमण हटाउने, जग्गा नगरपालिकाको कब्जामा लिने घोषणा गरेका हुन् र अहिले त्यसको कार्यान्वयनमा अघि सरेको झल्को पाइएको छ । वीरगंज महानगरपालिकाका ३२ वटा वडामा गरी यस्ता १०० बिघाभन्दा बढी जग्गा भेटिएको छ, जुन विभिन्न कारणले व्यक्तिहरूले हकभोग गरिरहेका छन् । नगरको मुख्य मुटु रहेको आदर्शनगरमा मात्र रु एक अर्बभन्दा बढी मूल्य पर्ने २१ वटा प्लट व्यक्तिले हकभोग गरिरहेको देखिएको छ । हाम्रो पूर्वीय मान्यतामा भगवान्‌ले पनि भन्छन् रे–वासको व्यवस्था तिमी गर, आजीविका म पुऱ्याइदिन्छु । जग्गाको महत्त्व यस मान्यताबाट स्पष्ट हुन्छ । भगवान्‌ले पनि जग्गा जुटाइदिन सक्दैनन् । त्यो महत्त्व राख्ने सार्वजनिक जग्गा जसमा सार्वजनिक हितका अनेकौं काम हुन सक्छ, आज व्यक्तिको अभीप्साको शिकार हुन पुगेको छ ।**

**नगर साँघुरिँदै गएको छ । नगरलाई जीवन्त राख्ने साधनहरूको अभाव हुँदै गएको छ । नागरिकमा बिस्तारै व्यक्तिवाद हुर्कन थालेको छ, सार्वजनिक हित गौण हुन पुगेको छ । जब साधन नै छैन भने नागरिकले आफ्नैबारे त सोच्ने नै भयो । घुम्ने, खेल्ने, स्वच्छ सास लिने, जनसम्पर्क गर्ने थलो नै छैन भने नागरिक प्राणी मात्र बन्छ । आज वीरगंज त्यही नियति भोगिरहेको छ । यही अवसर हो, जब वीरगंजवासीले महानगरपालिकाको यस कार्यमा मनसा–वाचा–कर्मणा सहयोग गर्नुपर्छ । किनकि मानिस जतिकै साहसी र कर्तव्यनिष्ठ होस्, अधिकार सम्पन्न होस्, एक्लै धेरैसँग सङ्घर्ष गर्न सक्दैन । आज वीरगंजलाई सम्पन्न मात्र होइन, बहुविध गतिविधिको पनि केन्द्र बनाउनुपरेको छ । खेल, मनोरञ्जन, स्वास्थ्य, बहसको पनि केन्द्र बनाउनुपरेको छ । यहाँ कला, साहित्य, संस्कृतिको विकास चाहिएको छ, जसका लागि जग्गा नै पहिलो प्राथमिकता हो ।**

# राष्ट्रिय जनगणनामा नागरिकको दायित्व

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**जनगणनालाई सभ्यता र भव्यतापूर्वक सम्पन्न गराउन नागरिक समाजको भूमिका अति विशिष्ट हुने भएकोले गणकहरूलाई सही विवरण उपलब्ध गराएर राष्ट्रिय जनगणनाप्रति आफ्नो दायित्व निर्वाह गर्न हरेक नागरिकको राष्ट्रप्रतिको दायित्व पनि हो ।**

हरेक दश वर्षमा हुने राष्ट्रिय जनगणनो दुई महीनापछि हुँदैछ। २०७८ जेठमा राष्ट्रिय जनगणना हुने निश्चित भएको छ। हरेक दश वर्षमा प्रायः यसै समयमा हुने गर्दछ। विश्वका अधिकांश देशमा यही समयमा जनगणना हुने गर्दछ। यसले गर्दा २०७८ वा अन्य देश जहाँ यो जनगणना हुँदैछ सन् २०२१ धेरै कारणले महत्त्वपूर्ण हुने भएको छ। यद्यपि राष्ट्रिय जनगणनाको महत्त्व नै नबुझ्नेलाई यसबारे जति भने पनि खासै केही नहोला तर जनगणनाको महत्त्व बुझ्नेले यसबारे अहिलेदेखि नै गम्भीर हुनु आवश्यक देखिएको छ। वास्तवमा राष्ट्रिय जनगणनालाई सफल बनाउनु हरेक नागरिकको विशिष्ट कर्तव्य नै हो।

जनगणनाको सामान्य महत्त्व यो पनि रहेको छ कि विश्वको जनसङ्ख्या कति हो भन्ने मानिसलाई थाहा हुन्छ। विश्वको कुन कुनामा जनसङ्ख्याको अवस्था कस्तो छ, दश वर्षमा जनसङ्ख्या कति दरले वृद्धि व कम भयो, वृद्धि वा ह्रासका कारण के–के हुन्, कुन उमेरका मानिस बढी छन्, कसरी मानिसको आयु बढिरहेको छ वा घटिरहेको छ ? यसैगरी मानिसको बसाइँसराइको अवस्था कस्तो छ, बसाइँसराइ किन हुन्छ, कुन क्षेत्रमा बढी बसाइँसराइ भएको छ ? जनसङ्ख्याको वृद्धि दर वा बसाइँसराइले स्थानीय पारिस्थितिक प्रणालीमा कस्तो असर पुऱ्याउँछ, यसै दरमा वृद्धि वा बसाइँसराइ हुने हो भने भविष्यमा कस्तो असर पर्ला ? जनसङ्ख्या वृद्धिदर कुन क्षेत्रको लागि फाइदाजनक वा कुन क्षेत्रको लागि हानिकारक छ ? संसारमा कति किसिमका भाषा बोलिन्छन् ? कति किसिमका जाति छन् ? कति देशमा कुनकुन भाषा वा जाति छन् ? यसैगरी कुन जाति, भाषा, धर्मका मानिस गत दश वर्षमा कति बढे वा कम भए ? कुनै स्थिर पो रहे कि ? कुनै भाषा वा जाति लोप नै भयो कि ? किन लोप भयो ? यदि लोपोन्मुख अवस्थामा पुग्यो, त्यसको कसरी संरक्षण गर्ने, कसरी वृद्धि गर्ने वा कसरी कायम राख्ने ? जनगणनाप्रति वा विश्वको तथ्याङ्कप्रति रुचि लिनेहरूले विश्वको साक्षरता, विश्वका मानिसहरूको शिक्षाको स्तरका साथै मानव विकास सूचकाङ्क र यसका अन्य अवयवबारे पनि चासो राख्ने गरेका छन्। यी सबैमा आफ्नो देशको स्थान कहाँ छ भन्ने विषयमा पनि जनगणनाबाट धेरै तथ्य पाउन सकिन्छ।

राष्ट्रिय जनगणनाको नतीजा तुरुन्तै आइहाल्दैन। धेरै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिने हुनाले ती तथ्याङ्कहरूलाई एकीकृत गर्न तथा सबैतिरका तथ्याङ्कलाई फेरि विभिन्न किसिमले विश्लेषण गर्न केही समय लाग्छ। हुन त अहिले कम्प्युटरको युग आइसकेको छ, तथ्याङ्कहरू कम्प्युटरमा नै प्रशोधन हुने गर्दछ। यसले गर्दा जनगणनाको रिपोर्ट तुलनात्मकरूपमा छिटो आउने सम्भावना हुन्छ तर पहिलेभन्दा जनगणनामा समावेश गरिने विषय र पक्ष बढेको तथा जनगणना पनि बढी विश्वसनीय बनाउने आधारहरूसमेत वृद्धि भएको परिवेशमा जनगणनाको रिपोर्ट आउन प्रशोधनमा नै केही थप विलम्ब हुने पनि हुन सक्छ। यदि पहिलेकै जति तथ्याङ्क विषयवस्तु समेटिएको अन्तिम रिपोर्ट आउने हो भने पहिलेभन्दा निकै छिटो हुन सक्थ्यो तर यसपटक धेरै विषयवस्तु समेटिएको बहुआयामिक नतीजा आउने हुनाले र सम्पूर्ण डाटा प्रशोधन कम्प्युटरमार्फत हुने हुनाले तुलनात्मक छिटो हुने विश्वास गर्न सकिन्छ।

राष्ट्रिय जनगणनामा पहिलेभन्दा बढी विषयवस्तु समेटिनु एउटा पक्ष हो। अर्को महत्त्वपूर्ण पक्ष के छ भने पहिलेभन्दा फरक किसिमका मानिसले जनगणना गर्दैछन्। देशका बेरोजगारी युवाहरूको काँधमा गणनाको मुख्य पक्ष आउँदैछ। हरेक स्थानीय तह र सम्भव भएसम्म त्यहीं स्थानीय तह वा वडाका गणक बनाइँदैछ। गणकले स्थानीय धेरै कुरा पहिलेदेखि नै जान्ने भएकोले पनि यस प्रकारको व्यवस्थापन गरिएको हुनुपर्छ। दोस्रो कुरा यो पनि हो कि बेरोजगारी युवाले केही महीनाको लागि भए पनि स्वदेशमैं रोजगार पाउँछन् जसको महत्त्व कम्तीमा दश वर्ष देशको योजना निर्माण, नीति निर्माण, प्रदेश तथा स्थानीय सरकारको योजना तथा नीति र विकास निर्माणसम्म पर्दछ। साथै शिक्षा, स्वास्थ्य तथा अन्य पक्षमा पनि यसको प्रभाव देखिने हुन्छ। यसले गर्दा बेरोजगारी युवाहरूले कम्तीमा दश वर्ष र त्यसपछि आजीवन यो गर्व गर्न पाउँछन् कि इमानदारीपूर्वक देशको एक वर्षको जनगणना सफलतापूर्वक सम्पन्न गरे।

देशमा सङ्घीयता कार्यान्वयनमा आएको र नेपालको संविधान (२०७२) जारी भएको समयपछिको यो पहिलो राष्ट्रिय जनगणना हो। यसकारण यस जनगणनाको थप महत्त्व छ। राष्ट्रियस्तरको जनगणना पहिलेजस्तै स्वरूपमा भए पनि यसभित्र देश, प्रदेश, जिल्ला र स्थानीय तहको करीब अलग अलग तथ्याङ्कको नतीजाको विश्लेषण गरिने निश्चित छ। पहिलेदेखि नै देशमा सङ्घीयता लागू छ र यसमा आरक्षण व्यवस्था पनि छ। अहिलेको जनगणनाको अन्तिम नतीजाले दिने तथ्याङ्कले देशदेखि प्रदेश हुँदै स्थानीय तहसम्म आरक्षणको मुद्दा पनि उठाउने निश्चित छ। हुन त यो मुद्दा पहिलेदेखि नै स्थापित छ तर आउँदो जनगणनाको परिणामले यसलाई थप संस्थागत बनाउने देखिन्छ। जनगणनाको नतीजाले प्रदेशको सरकारी कामकाजको भाषा, स्थानीय तहको सरकारी कामकाजको भाषालगायत क्षेत्रमा महत्त्वपूर्ण काम गर्न सक्ने हुनाले यसको महत्त्व बढेको हो। यसैगरी लोपोन्मुख जाति तथा भाषा र संस्कृतिको लागि विशेष योजना बनाउन पनि यही जनगणनाको नतीजाले बाटो तय गर्नेछ।

स्थानीय तहदेखि विश्वस्तरसम्म जनगणनाको महत्त्व हुने हुनाले हरेक शिक्षित तथा सामान्य नागरिकले आफ्नो र समाजको विषयमा सत्य, तथ्य विवरण गणकलाई उपलब्ध गराउनु सबैको साझा दायित्व हुन आउँछ। यही जनगणनाको रिपोर्टको आधारमा आगामी कम्तीमा दश वर्षसम्म विकास निर्माणदेखि विभिन्न नीति निर्माण गरिने र कार्यान्व्यनसमेत गरिने हुनाले जनगणनाको मूल्य र मान्यतामा कायम रही सम्भव भएसम्म हरेक मानिसले आफ्नो क्षेत्रबाट यसलाई सुसम्पन्न गर्न सहयोग गर्नुपर्ने कर्तव्य हुन आउँछ। विगतका वर्षहरूमा जनगणनाको समयमा भूमिगत समूहको डर रहेकोले थोरै भए पनि, कतैकतै जनगणनामा प्रभाव परेको सुनिन्थ्यो तर यसपटक भूमिगत दलको गतिविधि नरहेको तथा देशको राजनैतिक अवस्था पनि तुलनात्मकरूपमा शान्तिपूर्ण रहेको पृष्ठभूमिमा राष्ट्रिय जनगणनालाई थप विश्वसनीय बनाउने आधार तय गरेको छ। यस जनगणनालाई सभ्यता र भव्यतापूर्वक सम्पन्न गराउन नागरिक समाजको भूमिका अति विशिष्ट हुने भएकोले गणकहरूलाई सही विवरण उपलब्ध गराएर राष्ट्रिय जनगणनाप्रति आफ्नो दायित्व निर्वाह गर्न हरेक नागरिकको राष्ट्रप्रतिको दायित्व पनि हो। सबैभन्दा ठूलो कुरा जनगणनालाई सकारात्मकरूपमा लिई प्रत्येक नागरिकले तनमनले सहयोग गर्नु नागरिक सचेतनाको दृष्टिकोणले पनि देय हुन आउँछ।

# माध्यमिकी परिक्रमा जलेश्वर पुग्यो

प्रस, महोत्तरी, ४ चैत/

मिथिला माध्यमिकी परिक्रमाका यात्रुलाई बुधवार महोत्तरीको सदरमुकाम जलेश्वरमा भव्य स्वागत गरिएको छ। शनिवार धनुषाको कचुरीस्थित मिथिला बिहारी कुटीबाट शुरू भएको परिक्रमा बुधवार महोत्तरीको सदरमुकाम जलेश्वर आइपुगेको हो।

परिक्रमालाई जलेश्वरका बासिन्दाले भव्य स्वागत गरेका थिए। बाजा, गाजा, साधु, सन्त, नागा, नाचगानका साथ भगवान् राम र माता जानकीको डोला लिएर लाखौंको सङ्ख्यामा यात्रुहरू महोत्तरीको जलेश्वर प्रवेश गरेका थिए। उनीहरूलाई जलेश्वरवासी तथा महोत्तरी प्रशासनले पूजापाठ गरी भव्य स्वागत गरे। शनिवार शुरू भएको यात्रा आइतवार सीमावर्ती भारतीय गाउँ कलानेश्वरमा विश्राम गरेको थियो। सोमवार भारतकै गिरिजास्थान (फुल्हर), मङ्गलवार महोत्तरीको मटिहानीमा बास बसेको थियो। बुधवार बिहान उनीहरू जलेश्वर आइपुगेका हुन्।



तस्वीर: फाइल

परिक्रमा यात्रीका लागि जलेश्वरका विभिन्न स्थानमा निश्शुल्क भोजन, पानी, दाउरा, बिजुलीको व्यवस्था मिलाइएको छ। यात्राका सहभागीहरू बुधवार जलेश्वरमा पराव, बिहीवार मडैमा, शुक्रवार ध्रुवकुण्डमा र शनिवार कञ्चनवनमा पराव बसेर आइतवारको दिन पुनः धनुषाको पर्वतामा बास

(बाँकी पाँचौं पातामा)

## जनताको दुःख

पाठक प्रतिक्रिया

३ गतेको प्रतीकमा वीरेन्द्रप्रसाद यादवको लेख 'अदालती फैसलापछिको राजनीतिक परिदृश्य' पढेपछि एउटा कथाको सम्झना भएर आयो। एउटा तलाउमा गोही पस्यो।

तलाउका माछा, भ्यागुतालगायत समस्त प्राणी त्राहिमाम भए। उसलाई बाहिर निकाल्ने जुक्ति गर्न थाले। तलाउमा एउटा सर्प, मान्छेको मित्र थियो। उसले मान्छेलाई अनुरोध गरेपछि जालमा फसाएर गोहीलाई बाहिर निकालियो। तलाउका प्राणीले चैनको सास लिए। तर मान्छेको दुश्मन मान्छे नै हुन्छ। एउटा अर्को मान्छे आयो र गोहीलाई फेरि तलाउमा छाडिदियो। फेरि त्रहिमाम मच्यो। पहिलो मान्छे थियो, अदालतको पहिलो फैसला। दोस्रो मान्छे थियो अदालतको दोस्रो फैसला।

एउटा चूँचूँको मुरब्बा हुन्छ, जुन हेर्दा आकर्षक तर खानलायक हुँदैन। अदालतको दुवै फैसला मिलेर त्यही मुरब्बा बन्यो, जसलाई न खान सकिन्छ, न छाड्न सकिन्छ। ओलीलाई अदालतले नै हौंस्याइदियो। लेखक भन्छन् कि सरकार ओलीको नेतृत्वमा बनाउने वा काङ्ग्रेसको। सरकार कसले बनाउने भन्ने पछिको कुरा होइन र ? पहिले गोहीलाई निकाल्नुस्। तर मूर्ख मधेसवादीहरू पनि गोहीकै पक्षमा पो देखिए। कस्तो विडम्बना ! अदालतले संविधान बचाइदियो। के यी नालायकहरू चुनावको दुई वर्ष पनि बचाउन सक्दैनन् ? यति पनि सक्दैनन् भने तिनको के काम ? काबलियत त दुई वर्ष बचाउनुमा छ। बाँकी रह्यो मधेसीको माग पूरा गर्ने। यो जान्दाजान्दै कि अदालतले त्यो बाटो नै बन्द गरिदिएको छ भने वाचा गराइराख्नुको के अर्थ ? महन्थ ठाकुरलाई नै प्रधानमन्त्री बनाइदिए पनि माग पूरा गर्न सक्दैनन्।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पार्टीलाई सुदृढ र बलियो बनाउनुपर्नेमा नेता नेपालको जोड

काठमाडौं, ४ चैत/रासस

नेकपा (एमाले)का नेता माधवकुमार नेपालले पार्टीलाई सुदृढ र बलियो बनाउने बताएका छन्। बुधवारदेखि शुरू भएको एमालेका नेपाल–खनाल पक्षको राष्ट्रिय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले पार्टी सङ्कटमा पुगेकाले बचाउनुपर्ने बताए।

उनले पार्टीभित्र देखिएको समस्यालाई पार्टीमैं छलफल हुनुपर्ने भन्दै पार्टी एकताका लागि मिलेर अगाडि बढ्न आफूले चाहेकोसमेत स्पष्ट पारे। उनले नेपालको राजनीतिकमा कम्युनिस्ट आन्दोलनको हैसियतलाई जोगाउँदै एमालेलाई बलियो बनाउनुपर्नेमा जोड दिए।

नेता नेपालले पूर्वएमालेलाई बलियो र सुदृढ बनाउनका लागि पार्टीको नवौं महाधिवेशनबाट तय गरेको विचारलाई अगाडि बढाउनुपर्ने बताए। उनले स्पष्ट पारे।

नेता नेपालले कम्युनिस्ट आन्दोलनलाई जोगाउनका लागि कार्यकर्तालाई उत्साह र ऊर्जा दिन भेला आयोजना गरिएको बताए। पछिल्लो समयमा सर्वोच्च अदालतले नेकपा (माओवादी केन्द्र)सँगको एकतालाई मान्यता नदिएपछि पार्टी जुन ढङ्गले चल्नुपर्ने त्यो नचलेको उनको भनाइ थियो।

उनले अहिले पार्टीभित्र देखिएको विवाद पदको लडाइँ नभई सिद्धान्त, विधि र पार्टी निर्माणसँग जोडिएको धारणा राखे। उनले माओवादी केन्द्रसँगको एकता हुनुपूर्वको अवस्थामा पार्टीको सङ्गठनात्मक संरचना, वैचारिक मान्यता, नेतृत्व र सबै सदस्य यथावत् रहनुपर्ने बताए। "अबदेखि पार्टीलाई विधि, पद्धति तथा क्षमताका आधारमा परिचालन गरिने छ र पार्टीका बैठक कसैका घरमा नबसी



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेता माधवकुमार नेपाल। तस्वीरः रासस







तस्वीरः रासस

राजनीतिक क्रान्ति सम्पन्न गरेकाले अब आर्थिक र सामाजिक क्रान्ति पूरा गर्ने कार्यभारमा पार्टी लाग्नुपर्ने आवश्यक रहेको धारणा राखे। नेता नेपालले पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई आफूहरूको सहभागिताविना गरिएको फागुन २८ गतेको केन्द्रीय कमिटीको निर्णय सच्चाउनसमेत माग गरे।

'पार्टी अध्यक्षले आजको भेला स्थगित गर्न भने, हामीले तपाईंले फागुन २८ गते बसेको केन्द्रीय कमिटीको बैठकले गरेको निर्णयबाट पछि हट्नुहुन्छ भने हामी भेला स्थगित गर्न तयार छौं भनेर भन्यौं," उनले भने, "तर उहाँले मान्नुभएन, अनि हामीले पनि भेला आयोजना गरेका हौं।" उनले पार्टी विधि, विधान र पद्धतिमा चल्नुपर्ने भन्दै कार्यकर्तालाई भेदभाव गर्न नहुनेसमेत पार्टी मुख्यालयमा बस्नुपर्दछ," उनले भने, "त्यसो गरेमा सिङ्गो पार्टीलाई एकताबद्ध बनाएर लैजान सकिन्छ।"

भेलामा अर्का नेता झलनाथ खनालले पार्टीलाई एकताबद्ध बनाउनुपर्नेमा जोड दिंदै फागुन २८ गते गरिएको निर्णय खारेज हुनुपर्नेमा माग राखे। उनले कम्युनिस्ट आन्दोलनलाई बचाउनका लागि पार्टी एकताबद्ध हुनुको विकल्प नभएको समेत स्पष्ट पारे। उनले पार्टीलाई एकताबद्ध बनाउनका लागि २०७५ जेठ २ गतेको अवस्थामा फर्काउनुपर्नेमा जोड दिए। भेलामा उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले अध्यक्ष ओलीले सबैलाई मिलाएर लैजानुपर्नेमा जोड दिइन्। एमालेका प्रचार विभाग प्रमुख योगेश भट्टराईले एकताको प्रस्थानबिन्दु २०७५ जेठ २ गतेको अवस्थामा पार्टीको संरचनालाई फर्काउनु रहेको बताए।

उनले यही चैत ७ गते हुने केन्द्रीय कमिटी बैठकमा सहभागी नहुनेसमेत स्पष्ट पारे। उनले कर्णाली प्रदेशमा सरकारको समर्थन आफूहरूको रहेको जानकारी दिए।

भेला बिहीवारसम्म चल्ने बताइएको छ। पार्टीमा उत्पन्न विषम परिस्थितिका बारेमा छलफल गरी एकीकृत धारणा तय गर्न र त्यसअनुरूप पार्टी पङ्क्तिलाई देशव्यापीरूपमा परिचालन गरी पार्टीलाई सुदृढ, एकताबद्ध र क्रियाशील बनाउन भेला आयोजना गरिएको नेता विष्णु रिजालले जानकारी दिए।

**१० समूह विभाजन**

उनका अनुसार भेलामा सातवटै प्रदेश, जनसम्पर्क कमिटी, जनसङ्गठन तथा पेशागत सङ्गठन र केन्द्रीय निकाय तथा विभाग गरी १० समूह विभाजन गरी छलफल गरिएको छ। ती समूहबाट आएका सुझावलाई आधार मानी अवधारणापत्र सार्वजनिक गरिनेछ।

सहभागीको समूह विभाजन तथा छलफलमा सहजीकरण गर्नका लागि प्रदेश नं १ मा भीमप्रसाद आचार्य, प्रदेश नं २ मा घनश्याम भुसाल, वाग्मती प्रदेशमा अष्टलक्ष्मी शाक्य, गण्डकी प्रदेशमा गोकर्ण विष्ट, लुम्बिनी प्रदेशमा युवराज ज्ञवाली, कर्णाली प्रदेशमा योगेश भट्टराई, सुदूरपश्चिम प्रदेशमा भीमबहादुर रावल, सम्पर्क कमिटीमा वेदुराम भुसाल, जनसङ्गठन तथा पेशागतमा रघुजी पन्त र केन्द्रीय निकाय तथा विभागमा अमृतकुमार बोहरालाई जिम्मेवारी दिइएको छ।

# जगदम्बा स्टीलमा स्थानीय र प्रहरीबीच झडप

प्रस, निजगढ, ४ चैत/

बाराको सिमरास्थित जगदम्बा स्टील्समा स्थानीय र प्रहरीबीच बुधवार झडप भएको छ। झडपमा स्थानीयले ढुङ्गा प्रहार गर्दा केही प्रहरी घाइते भएका थिए भने प्रहरीले स्थानीयलाई नियन्त्रणमा कारखाना सञ्चालन गर्न थालेपछि स्थानीय आक्रोशित भएको जीतपुरसिमरा उपमहानगरपालिका–२ का अध्यक्ष तिलकबहादुर श्रेष्ठले बताए।

जगदम्बाले गोदाम घर बनाउने भनेको थियो। अहिले त्यहाँ मेशिन जडान




तस्वीरः फाइल

लिएर कुटपिटसमेत गरेको थियो। जीतपुरसिमरा उपमहानगरपालिका–२ मा रहेको जगदम्बा स्टील्स प्रालिले आफ्नो क्षेत्र विस्तार गर्दै प्रदूषण फैल्याएपछि स्थानीयवासी आक्रोशित भएपछि प्रहरीसँग झडप भएको हो। सो प्रालिले फिटिभएस मोटरसाइकलको शोरूमलगायत पार्टपुर्जाको लागि गोदाम बनाउने भनेर निर्माण गरिएको स्थानमा मेशिन जडान गरी ध्वनि, वायु प्रदूषण गर्न थालेपछि स्थानीयहरूले सोको कडा विरोध गर्दै गेटमा तालाबन्दी गरेको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २ सदस्य धनबहादुर श्रेष्ठले बताए। जनताको स्वास्थ्यमाथि जगदम्बाले खेलबाड गर्दै आइरहेको उनले बताए।



जगदम्बा स्टील

विगत तीन हप्ताअघिबाट नै स्थानीयले पटक–पटक स्थानीय तह उपमहानगरपालिका, वडा कार्यालय, इलाका प्रशासन कार्यालय र प्रहरीमा सहमति भए अनुसारको गोदाम राख्न आग्रह गरे पनि प्रहरी, प्रशासनको आडमा मेशिन नै जडान गरी बलजफ्ती गरिसकिएको छ। हामीलाई कुनै जानकारी छैन। त्यो स्थानीयहरूले थाहा पाएपछि हटाउन माग गर्दै आवाज उठाउँदै आइरहेका छन्। जगदम्बाले प्रहरी प्रशासनको आडमा जबरजस्ती चलाउन खोजिरहेको छ, अध्यक्ष श्रेष्ठले भने।

मेशिन सञ्चालन नगर्न स्थानीयले भन्दै जगदम्बा स्टील्स कम्पनीको गोदाम भनिएको गेटमा ताला लगाइदिए पनि इलाका प्रहरी कार्यालय सिमराको आडमा खोलेपछि आज झडप भएको हो।

सो परिसरमा रहेका आधा दर्शन गाडीमा आक्रोशित स्थानीयले ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएका छन्। बस्तीसँगै रहेको गोदाम भनिएको स्थानमा मेशिन चलाउँदा ध्वनि प्रदूषण, वायु प्रदूषणलगायतका समस्या आउने स्थानीयहरूको भनाइ छ।

# पर्सा राष्ट्रिय निकुञ्जबाट गैंडा गणनाको तयारी

प्रस, सिमरा, ४ चैत/

पर्सा राष्ट्रिय निकुञ्जबाट गैंडा गणनाको शुभारम्भ गरिने तयारी अन्तिम चरणमा पुगेको छ। पर्सासँगै चितवन राष्ट्रिय निकुञ्जमा पनि यही चैत ९ गतेदेखि गैंडा गणना शुरू गर्ने तयारी भएको पर्सा राष्ट्रिय निकुञ्ज स्रोतले शुक्लाफाँटामा १९ गतेदेखि गणना शुरू गरिने विभागले जनाएको छ।

गैंडा गणनामा ४० वटा हात्ती प्रयोग गरिने र सोको लागि पर्सा निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र राष्ट्रिय प्रकृति संरक्षण कोषका हात्ती प्रयोग गरिने चितवन राष्ट्रिय निकुञ्जका गैंडा गणना गर्न करीब २० दिन लाग्ने डा लामिछानेले बताए।

गैंडा गणना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा हुँदैछ। विभागका सूचना अधिकारी इकोलोजिस्ट हरिभद्र आचार्यका अनुसार वन तथा वातावरणमन्त्री प्रेम आलेले






तस्वीरः फाइल

जनाएको छ।

पर्सा राष्ट्रिय निकुञ्जको प्रतापपुरबाट गणना शुरू गरिने र सोको तयारी चितवन राष्ट्रिय निकुञ्जमा भइरहेको राष्ट्रिय निकुञ्ज विभागले जनाएको छ। मुलुकका सबै राष्ट्रिय निकुञ्जमा गैंडा गणना गरिने कार्यक्रम भए तापनि पर्सा र चितवन राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर गैंडा गणना गर्ने र सोको सुरुआत पर्साबाट हुन लागेको हो। त्यसैगरी, बर्दिया राष्ट्रिय निकुञ्जमा चैत १७ गतेदेखि र प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले बताए। गणनामा खटिने गणक, हात्ती र माउतेलाई समेत तालिम दिइने प्रमुख संरक्षण अधिकृत बरालले बताए।

राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछानेका अनुसार गणनामा खटिने कर्मचारी, हात्ती छनोटसँगै उनीहरूको बासस्थानको व्यवस्थापनलगायतका तयारी भइरहेको छ। निकुञ्जको गणना गर्नुपर्ने क्षेत्रको अध्ययन शुरू भइसकेको उनले बताए। पर्सा र चितवन निकुञ्जमा उद्घाटन गर्ने र पर्साको प्रतापपुर पोस्टबाट गणना शुभारम्भ गर्ने कार्यतालिका बनेको छ।

बितेको वर्ष चैत ११ गतेदेखि गैंडा गणना गर्ने भनिए पनि कोरोना महामारीको कारण अन्तिम अवस्थामा स्थगित भएको थियो। त्यसैगरी, सोको दुई वर्षअघि पनि गैंडा गणना गर्न लागिएको थियो। तर दाताको भर पर्दा बजेट अभावमा गणना हुन सकेको थिएन। यसपटक सङ्घीय सरकारले गैंडा

(बाँकी चौथो पातामा)

# फुलेन लालीगुराँस, फलेनन् चुत्रो र ऐंसेलु

गलेश्वर, ४ चैत/रासस

जलवायु परिवर्तन र मानवीय लापरवाहीका कारण यस वर्ष हिमाली सुन्दर देखिएको छ, न त पर्यटकको चहलपहल नै शुरू भएको छ। जिल्लाका ज्यामरूककोट, भकिम्ली, रत्नेचौर, भएकाले पनि फुल्न छाडेको स्थानीय बासिन्दाहरूले बताएका छन्।

भएका बोटहरू सुक्दै जानु र नयाँ



जिल्ला म्याग्दीको मध्य र पश्चिमी क्षेत्रमा प्राकृतिक फूल र फल फुल्न तथा फल्न नपाएपछि वसन्त ऋतुको आभास हुन सकेको छैन। यी क्षेत्रका जङ्गलमा न लालीगुराँस फुलेको छ, न चुत्रो, ऐंसेलुजस्ता यस याममा फल्ने वनफल नै फलेका छन्।

यतिबेला म्याग्दीका विभिन्न क्षेत्रमा लालीगुराँस फुलेर रमणीयस्थल बन्ने समय हो तर यस वर्ष लालीगुराँस फुल्ने मौसम शुरू भएपनि नफुल्दा न प्रकृति अर्मन, बरङ्जालगायतका क्षेत्रमा रहेका जङ्गलमा फुलेका गुराँससँग रमाउन र फोटो खिचाउन जाने आन्तरिक तथा बाह्य पर्यटकले चहलपहल बढ्ने गर्दथ्यो।

फागुन र चैत महीनामा गुराँस फुल्ने समयमा पनि नफुल्दा चहलपहल नभएको हो। धार्मिक तथा पर्यटकीय महत्त्वसँग जोडिएको ज्यामरूककोट र भकिम्लीको स्वर्गाश्रम क्षेत्रमा यतिबेला लालीगुराँस फुलेर राताम्मै हुने गर्दथ्यो। यी क्षेत्रमा ठूला र सुक्न लागेका लालीगुराँसका बोट बोटबारे चासो नदिनुले पनि लालीगुराँसमा संरक्षणको अभाव खट्किएको ज्यामरूककोटका नारायण शर्माले बताए। यो समयमा लालीगुराँस फुलेर राताम्मे बन्ने भकिम्लीको स्वर्गाश्रम क्षेत्र पनि उराठलाग्दो देखिएको स्वर्गाश्रम विकास समितिका सदस्य रामबहादुर पुनले बताए। यस वर्ष हिउँदमा पानी नपरेकाले लालीगुराँस कम फुलेको उनको भनाइ छ। यस वर्ष

(बाँकी चौथो पातामा)

# होलीमा गाइने मौलिक गीत 'जोगिरा सरररर' लोप हुँदै

धनुषा, ४ चैत/रासस

'जोगिरा सरररर...'

कौन तालपर ढोलक बाजे,
कौन ताल मृदङ्ग
कौन तालपर गौरिया नाचे, कौन तालपर हम
जोगिरा सरररर...'


तस्वीरः फाइल

तराई–मधेसमा प्रचलित फागु पूर्णिमा अर्थात् होलीमा गाइने मौलिक गीत 'जोगिरा सरररर' लोप हुँदै गएको छ। यो मौलिक गीत मधेसका शहर र गाउँ देहातमा होलीका बेला गाइने प्रचलित गीत हो तर आधुनिक आगन्तुक संस्कृतिको प्रभाव बढेसँगै यो मौलिक गीत हराउँदै गएको छ। फागु आउन १५ दिनअघिदेखि तराई–मधेसमा गुञ्जिने गीतहरू अहिले सुनिन छाडेका छन्।

क्षीरेश्वरनाथ नगरपालिका–५ का ६७ वर्षीय रामसागर ठाकुरलगायत जोगिरा गायकहरू वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइने फागु गीत लोप हुन थालेकामा दुःखी छन्। ठाकुरले भने, "होली पर्वको आगमनसँगै कुनै बेला गाउँघरमा राति गुञ्जिने होली गीत अचेल सुनिंदैन। उहिले गीत गाएरै फागु आएको सङ्केत गरिन्थ्यो, अब न त ढोल, मृदङ्ग नै बज्छन्, न त फागु गीत नै गुञ्जिन्छन्।"

संस्कृतिविद् रामभरोस कापडी भन्छन्, "एक दशकअघिसम्म फागु पूर्णिमा वा होलीमा गुञ्जिने गरेको 'जोगिरा सरर'लगायत गीतसँगै होलीको परम्परागत मौलिकतासमेत हराउँदै गएको छ।" उनले तराईबाट चैताल, ढेड ताल, डभारी, धौतल्ली गीत र सङ्गीत पनि लोप हुँदै गएको बताए। उनले भने, "अवधि, भोजपुरी समुदायमा बजाइने ढोलक, हरमुनिया, तबलालगायत बाजा र होलीमा गाइने परम्परागत गीतहरू पछिल्ला पुस्ताले छाड्दै गएका छन्।"

वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइने फागु गीत ग्रामीण क्षेत्रबाट हराउन थालेकामा मिथिला नगरपालिका–६ का ७० वर्षीय बिल्टु चौधरीले चिन्ता व्यक्त गर्दै भने, "पहिलेपहिले गाउँगाउँ, टोलटोल घुमेर फागु पर्वको आगमन भइसकेको गीतमार्फत जनाउ दिने गर्थे तर अब न त ढोल, मृदङ्ग नै बजाउन पाइयो, न फागु गीत नै गाउन पाइयो।"

चौधरीका अनुसार परापूर्वकालदेखि ग्रामीण क्षेत्रमा रहेको दलान संस्कृति हराउँदै गएकाले होलीमा गाइने फागु गीत लोपोन्मुख अवस्थामा पुगेको हो। "पुरानो सामाजिक संरचना ध्वस्त भई यसको स्थानमा आधुनिकता र यान्त्रिकीकरण हावी हुँदा फागु गीत लोपोन्मुख अवस्थामा पुगेको हो," मैथिली भाषाका साहित्यकार उत्तिमलाल कापडीले भने, "वैदेशिक रोजगार र आधुनिक शिक्षाका लागि ग्रामीण क्षेत्रबाट लाखौंको सङ्ख्यामा युवा विस्थापित भएर यस्तो समस्या आएको हो।" कापडीले सांस्कृतिक पर्व होली आउन दुई साता बाँकी हुँदै साथीभाइहरू मिलेर गीत/सङ्गीत, कविता, हास्यव्यङ्ग्यका कार्यक्रम गरी मनाइन्थ्यो तर अहिले भने ती सबै कुरा सपनाजस्तो लाग्न थालेको भने।

पण्डित लालबाबू झाका अनुसार होली आउन १५ दिनअगावै पण्डितहरूले विधिवत्रूपमा पूजापाठ गरी सुरुआत गरिने चलन थियो। झाले भने, "गाउँगाउँका युवाहरूले घरघरबाट गुइँठा (गोबर) सङ्कलन गरी राति बालेर गीत गाउने चलन थियो। होलीको एक दिनअघि ठाउँठाउँबाट चोरिएका दाउरा राति बालेर होलिकाको दहन गर्ने चलन थियो।"

मिथिला संस्कृतिका जानकार ७० वर्षीय रमापति चौधरीका अनुसार होलिका दहनको खरानी पोत्ने र बिहान नुहाउने र बिहान ९ बजेपछि एकापसमा शुभकामना साटासाट गरी रङ लगाएर रमाइलो गरी खेलिने होलीको अहिले भने त्यो मौलिकता हराउँदै गएको छ। चौधरीले भने, "मूल संस्कृतिको मर्मलाई विकासको प्रक्रियासँगै बढाउन सकिएन। त्यसले अहिले क्रमशः मिथिलाबाट परम्परागत संस्कृतिहरू विलीन हुँदै गएका छन्।"

पाँच/छ दशकयता सामाजिक आन्दोलनसमेत नभएकाले मिथिलाका मौलिकता हराउँदै गएको उनको कथन रहेको छ। अबको होली प्रेम र सद्भावको नभएर वैराग्य र वैमनस्यतापूर्ण बन्दै गएको छ। भाङको ठाउँमा मदिरा, प्रेम सद्भावको ठाउँमा द्वेष देखा परेकाले जोगिरा गीत पनि प्रभावित भई रङबिनाको होली र माधुर्यविनाको जोगिरा हुन गएको भनेर टिप्पणी गर्छन्, जनकपुरधामका अवकाशप्राप्त प्रजिअ ७१ वर्षीय राजेन्द्र झा। झाको अनुसार फाट्टफुट्टरूपमा फागु पूर्णिमाको पहिलो दिन अर्थात् चतुर्दशीको रात होलिकालाई निर्जन स्थानमा लगी गाउँदेहातका मानिस त्यहाँ भेला भएर मृदङ्ग, ढोल बजाइ होलिका दहन गर्ने परम्परा चाहिं देखिएको छ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शैलेन्द्र झाले अहिले शहर बजार तथा ग्रामीण क्षेत्रमा होली गीत जोगिरासम्बन्धी अश्लील शब्द मिश्रित भोजपुरी गीति एल्बम छ्याप्छ्याप्ती पाउनाले पनि जोगिरा संस्कृतिमाथि मार परेको बताए। महेन्द्रनगरका शङ्कर झाले भने, "पहिलेपहिले त गाउँको बीचमा रहेको कुनै ठाउँमा गाउँका मानिस बसेर अबेर रातिसम्म जोगिरा गाइन्थ्यो तर अब जोगिरा नसुनेको पनि धेरै भयो। आफूहरूले गर्दै आएको कीर्तनभजनमा भने होली गीत गाउने गरेको छु।"

धनुषा जिल्ला समन्वय समितिका सभापति ६१ वर्षीय रामदेव यादवले समयको परिवर्तन र गाउँका युवा रोजगारमा विदेशिएपछि गीत विरलै सुनिन थालेको बताए। यादवले भने, "होलीको पौराणिकता अब कहाँ रह्यो र दिनहुँजसो हुने झैंझगडाले गर्दा न त अब होलीको रौनक छ, न त माधुर्य नै।" अबको होली प्रेम र सद्भावको नभएर वैराग्य र वैमनस्यपूर्ण भएको छ। प्रेम र सद्भावको ठाउँमा राग र द्वेष देखा परेकाले होलीसँगै जोगिरा गीत पनि प्रभावित भएको उनको भनाइ छ।

क्षीरेश्वरनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष ६५ वर्षीय रामजी सिंहले भन्छन्, "अहिले बजारमा पाइने जोगिराका अश्लील संस्करणहरूले पनि परम्परागत होली गीतमाथि धावा बोलेका छन्। आधुनिकताले पुरानो परम्परा लोप हुँदै गएको छ।" उनका अनुसार सांस्कृतिक दृष्टिकोणले अति महत्त्वपूर्ण रहेको होली पर्वले सबै जातजातिलाई प्रभाव पारेको छ र यसको रौनकता नै समाप्त भएर जान लागेको भान भएको छ।

पहिले होलीमा गाइने गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो तर अहिले अश्लील भोजपुरी गीत बढी गाउन थालिएको छ। जनकपुरधामस्थित मिथिला नाट्यकला परिषद्ले जोगिरा संरक्षणका लागि विगत केही वर्षदेखि जानकी मन्दिर प्राङ्गणमा जोगिरा प्रतियोगिताको आयोजना गर्नाका साथै हास्यव्यङ्ग्य अन्तर्गत महामूर्ख सम्मेलनसमेतको आयोजना गर्दै आएको छ। होली पर्व आउन दुई हप्ता मात्र बाँकी छ तर परापूर्वकालदेखि गाउँदै आएको होली गीत जोगिरा लोप हुँदै गएकामा बूढापाकाले यसको संरक्षणमा युवा वर्गअगाडि आउनुपर्नेमा जोड दिंदै आएका छन्।

## पर्सा राष्ट्रिय निकुञ्ज.....

गणनाका लागि ८० लाख रुपैयाँ विनियोजन गरेको छ। दाताबाट करीब २५ लाख रुपैयाँ सहयोग हुने अनुमान रहेको राष्ट्रिय प्रकृति संरक्षण कोषको अनुमान छ।

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जेडएसएल नेपाललगायतका सङ्घसंस्थाको सहयोगमा गैंडा गणना गरिन लागेको हो। हरेक पाँच वर्षमा गैंडा गणना गर्ने गरिन्छ। यसअघि सन् २०१५ मा गैंडा गणना गरिएको थियो। निकुञ्जलाई विभिन्न ब्लक बनाएर प्राविधिकले एक/एक गरी गैंडा गनिन्छ। गणनाका लागि हात्ती, दूरबिन, क्यामेरालगायत उपकरण प्रयोग हुन्छ।

पछिल्लोपटक सन् २०१५ को गणनामा नेपालमा जम्मा ६४५ वटा गैंडा थिए। राष्ट्रिय निकुञ्ज विभागको तथ्याङ्क अनुसार चितवनमा ६०५ वटा, बर्दियामा २९, शुक्लाफाँटामा आठ र पर्सामा तीनवटा गैंडा फेला परेका थिए।

नेपालमा सन् १९५० देखि गैंडा गणना शुरू भएको हो। पहिलोपटक गणना गर्दा ८०० वटा थियो। त्यसपछि ओरालो लाग्यो। सन् १९५५ मा घटेर ४०० वटा रह्यो। सन् १९६० मा ३००, १९६५ मा १०० वटामा पुग्यो। संरक्षणका विभिन्न प्रयासपछि सन् १९७० मा वृद्धि भई १०८ वटा पुग्यो। सन् १९७५ मा १४७, १९८० मा ३१०, १९८५ मा ३१०, १९९० मा ३५८, १९९५ मा ४६६, सन् २००० मा ६१२, २००५ मा घटेर ४०९ वटा, २०१० मा ४३५ हुँदै पछिल्लो गणना सन् २०१५ मा ६४५ पुगेको विभागको तथ्याङ्कमा उल्लेख छ।

## फुलेन लालीगुराँस.....

फुलेका लालीगुराँस पनि साना कोपिला रहेको उनको कथन छ।

भौगोलिक उचाइगत विविधताले ठूलो घना जङ्गल रहेको यस क्षेत्रमा ऐंसेलु, चुत्रो, डिम्मर, मजिठो, सतुवा, नागबेलीसहित ६२ प्रजातिका जडीबुटी रहेको वन डिभिजन कार्यालयको तथ्याङ्कमा उल्लेख छ। त्यसैगरी, यस वर्ष यही मौसममा फल्ने वनफल पनि फलेका छैनन्। ऐंसेलु, काफल, चुत्रोलगायतका वनफलहरू नफलेको स्थानीयवासीले बताएका छन्। पछिल्लो समय जलवायु परिवर्तनको प्रभावले पनि लालीगुराँसलगायतका अन्य क्षेत्रमा प्रभाव परेको हो।


**त्रिपुरासुन्दरी मन्दिर** : त्रिपुरासुन्दरी नगरपालिका–१ त्रिपुराकोटस्थित बाला त्रिपुरासुन्दरी मन्दिर। मन्दिर देशका सय पर्यटकीय गन्तव्यको सूचीमा समेत परेको छ। तस्वीरः रासस

## फरक समाचार

# साउदी अरबले नयाँ शहर बसाउँदै

साउदी अरबका राजकुमार मोहम्मन बिन सलमानले यस्तो शहर बसाउँदै छन्, जहाँ निजी सवारीसाधन चलाउन पाइनेछैन। सन् २०१७ को निओम प्रोजेक्ट अन्तर्गत यो शहर निर्माण गर्ने घोषणा गरिएको थियो र चाँडै यसको निर्माण हुने बताइँदैछ। यस शहरको क्षेत्रफल करीब १७० किलोमिटर हुनेछ। नियोम प्रोजेक्टमा साउदी अरबले ५ सय बिलियन अमेरिकी डलर खर्च गर्दैछ। यस शहरका नाम द लाइन राखिनेछ।



द लाइन शहरको विशेषता भनेको यहाँ निजी कारको उपयोग प्रतिबन्धित हुन्छ। शहरमा सार्वजनिक सवारीसाधन मात्र चलाउन पाइन्छ। यस शहरमा १० लाख मानिसलाई बसाइने र सन् २०३० सम्म ३ लाख ८० हजारजनालाई रोजगार दिइने बताइँदैछ। साउदी अरबको सरकारको भनाइ छ आगामी समयमा यस शहरमा कार्बन उत्सर्जन हुँदैन। शहरमा विद्यालय, स्वास्थ्य केन्द्र र हरियाली हुनेछ। यो शहरलाई यस प्रकारले बनाइनेछ कि जस्तोसुकै ठाउँमा पुग्न पनि २० मिनेटभन्दा बढी समय लाग्नेछैन। यस शहरलाई बनाउन आर्टिफिसियल इन्टेलिजेन्सको भूमिका हुनेछ। शहरमा अल्ट्रा–हाइ–स्पीड र अटोनोमस मोबिलिटी सोल्युशन्सको उपयोग गरिनेछ। रातो सागरको तटमा यस शहरको निर्माण गराइने बताइँदै छ।

# अनौठो बहुमूल्य सर्प

अमेरिकामा रहेका एकजना व्यक्तिले अजिङ्गर सर्पको नयाँ प्रजाति बनाएका छन्। यस सर्पको अन्डाबाट निस्किने सर्पको छालामा पहेंलो र सुन्तला रङ्गको स्माइली इमोजी बनेको छ। जर्जियामा बस्ने जस्टिन कोबिल्काले सर्पको नयाँ प्रजाति पछिल्लो वर्षदेखि बनाउँदै छन्।




समाचार अनुसार जस्टिनले बोल पाइथनको ब्रिडिङ गराइरहेका थिए। उनी चाहन्थे अजिङ्गर सुनौलो र सेतो रङ्गमा जन्मियोस् तर जब अजिङ्गरको जन्म भयो, त्यसको छालामा प्राकृतिकरूपले तीनवटा मुस्कुराइरहेको इमोजी बनेको छ।

सिएनए अनुसार जस्टिनले भने, हरेक २० जीवमध्ये कुनै एउटामा स्माइली इमोजी हेर्न पाइन्छ तर उनको ब्रिडिङ करियरमा यस्तो पहिलोपटक भयो कि कुनै सर्पको छालामा तीनवटा इमोजी बनेको छ। उनले यस सर्पलाई ६ हजार डलरमा बेचेका छन्।

# एउटा बाल्टिनको लागि भीषण युद्ध

सन् १३२५ को कुरा हो, त्यति बेला इटालीमा धार्मिक तनाव बढेको थियो। यहाँका दुई राज्य बोलोग्ना र मोडेनाबीच प्रायः लडाइँ भइरहन्थ्यो। किनभने बोलोग्नालाई ईसाई धर्मगुरु पोपको समर्थन थियो। जबकि मोडेनालाई रोमन सम्राटको समर्थन प्राप्त थियो। बोलोग्नाका बासिन्दाले पोपलाई नै ईसाई धर्मको सच्चा गुरु मान्थे तर मोडेनाहरू रोमन सम्राटलाई असली गुरु मान्थे।

मोडेना र बोलोग्नाबीच सन् १२९६ मा पनि लडाइँ भएको थियो। त्यसपछि



दुवै राज्यबीच प्रायः तनाव भइरहन्थ्यो। इतिहासकारका अनुसार रिनाल्डो बोनाकोल्सीको शासनकालमा मोडेना निकै आक्रामक भएको थियो र प्रायः बोलोग्नामाथि आक्रमण गरिरहन्थ्यो। दुवै राज्यबीच यो तनाव त्यति बेला एउटा ठूलो लडाइँमा परिणत भयो, जब सन् १३२५ मा मोडेनाका केही सैनिक चुपचाप बोलोग्नाको एउटा किलामा पसे र त्यहाँबाट काठको एउटा बाल्टिन चोरेर लगे।

भनिन्छ, त्यो बाल्टिनमा हीरा–जवाहरात थियो। जब बहुमूल्य रत्नले भरिएको बाल्टिन चोरी भएको घटना बोलोग्नाको सेनाले थाहा पायो, तब सेनाले मोडेनालाई त्यो फिर्ता पठाउन भन्यो तर मोडेनाले अस्वीकार गर्‍यो। त्यसपछि दुवै राज्यबीच युद्धको घोषणा भयो।

बोलोग्नासँग त्यति बेला ३२ हजार सेना थियो, जबकि मोडेनासँग ७ हजार मात्र सैनिक थियो। दुवै राज्यबीच बिहानै लडाइँ शुरू भयो र आधा रातसम्म चल्यो। यस लडाइँमा कम सैनिक भएर पनि मोडेनाले जित्यो। यस युद्धमा दुई हजारभन्दा बढी सैनिक मारिएका थिए।

बोलोग्ना र मोडेनाबीच भएको यो लडाइँ वार अफ द बकेट वा वार अफ द ओकेन बकेटको नामले चर्चित छ। आज पनि त्यो बाल्टिन सङ्ग्रहालयमा राखिएको छ, जसको लागि भीषण युद्ध भएको थियो।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा यस वर्ष शुरू भएयता कोरोना सङ्क्रमित बढ्यो

नयाँ दिल्ली, ४ चैत/सिन्हवा

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि



भारत मुम्बई रेल्वे स्टेशनमा तापमान जाँच्दै स्वास्थ्यकर्मी। तस्वीरः रायटर्स

हुन थालेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा २८ हजार ९०३ जना सङ्क्रमित भएका हुन्। यसअघि एक दिनमा सङ्क्रमितको सङ्ख्या आधा कम भइरहेका बेला अहिले फेरि बढ्दै जान थालेको हो। गत २४ घण्टाको कोरोना सङ्क्रमितको यो सङ्ख्या यस वर्ष शुरू भएयताको नै सबैभन्दा बढी हो।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १४ लाख ३८ हजार ७२४ पुगेको सो मन्त्रालयले जनाइएको छ। कुल सङ्क्रमितमध्ये दुई लाख ३४ हजार ४०६ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड १० लाख ४५ हजार २८४ जना सङ्क्रमणमुक्त भएका छन्। गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १८८ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ५९ हजार ४४ पुगेको बुधवार जनाइएको छ। भारतमा जनवरीबाट कोरोनाविरुद्धको खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म तीन करोड ५० लाखभन्दा बढी मानिसले खोप लगाइसकेका छन्।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार मङ्गलवारसम्म भारतमा २२ करोड ९२ लाख ४९ हजार ७८४ जनाको कोरोना परीक्षण गरिएको छ। मङ्गलवार एकै दिनमा नौ लाख ६९ हजार २१ जनाको कोरोना परीक्षण गरिएको थियो।

### फिलिपिन्समा कोभिडका सङ्क्रमित बढेपछि विदेशी नागरिकलाई यात्रा अनुमति रद्द

मनिला/सिन्हवा

फिलिपिन्समा पछिल्ला केही हप्तायता कोभिडका सङ्क्रमितहरू बढेपछि विदेशी नागरिकका लागि यात्राको अनुमति रद्द गरिएको बताइएको छ। फिलिपिन्सले दक्षिणपूर्वी एशियाली देशहरूमाथि यात्रा प्रतिबन्ध लगाएको जनाएको छ। यो अस्थायी यात्रा अनुमतिमा लगाइएको समाचारमा जनाइएको छ।

प्राप्त समाचार अनुसार यहाँको सरकारले मङ्गलवार राति सो सूचना जारी गरेको छ। उक्त सूचनामा विदेशी नागरिकलाई फिलिपिन्सभित्र छिर्न नदिइने र त्यहाँ रहेका विदेशीहरूलाई पनि बाहिर जानका लागि यात्रा अनुमति नदिइने बताइएको छ। यो अस्थायी प्रकृतिको यात्रा प्रतिबन्ध यही मार्च २० देखि आगामी अप्रिल महीनाको १९ तारिखसम्म गरिने छ। सरकारको यो यात्रा प्रतिबन्धको कडारूपमा अनुगमन गर्नका लागि एक कार्यदल बनाइएको छ।

सो कार्यदलले यस यात्रा प्रतिबन्धको अनुगमन गर्ने र आवश्यकताको आधारमा एक दिनमा बढीमा एक हजार ५०० जना मात्र विदेशी नागरिकलाई हवाई उडानमार्फत फिलिपिन्स आउन दिने बताएको छ। यो यात्रा प्रतिबन्धले फिलिपिन्स जाने तथा यहाँबाट बाहिर जाने सरकारी कर्मचारीहरू, कूटनीतिज्ञहरू, वैदेशिक रोजगारका लागि विदेश गएका फिलिपिन्सका नागरिक आदिका लागि भने लागू नहुने बताइएको छ।

फिलिपिन्समा पछिल्लो समयमा कोभिड–१९ का धेरै सङ्क्रमित देखिन थालेका छन्। विदेशबाट आएका नागरिकमा यसको सङ्क्रमण बढी देखिएपछि यो यात्रा प्रतिबन्ध लगाइएको हो। मङ्गलवार मात्र यहाँ ५ हजार ४०० जना सङ्क्रमित भेटिएका छन्। यहाँ कोभिडको नयाँ प्रजातिको सङ्क्रमण पनि बढेको जनाइएको छ। रासस

## अमेरिकाको एटलान्टामा गोली चल्यो, आठजनाको मृत्यु

एटलान्टा, ४ चैत/एएफपी

अमेरिकाको जर्जिया राज्यका विभिन्न तीनवटा मसाज केन्द्रमा भएका




तस्वीरः रायटर्स

आक्रमणमा कम्तीमा आठजनाको ज्यान गएको छ। प्रहरीका अनुसार मारिनेहरूमा धेरैजसो एशियाली मूलका महिलाहरू रहेका छन्।

प्रहरीले तीनवटा मसाज केन्द्रमा भएको आक्रमणमा संलग्न रहेको आशङ्कामा एकजना २१ वर्षीय श्वेत जातिका पुरुषलाई पक्राउ गरेको छ।

जर्जिया राज्यमा केही समयदेखि एशियाली मूलका अमेरिकी नागरिक र उनीहरूले सञ्चालन गरेका व्यवसायमाथि शृङ्खलाबद्ध आक्रमण हुन थालेका छन्।

चारजनाको जर्जियाको राजधानी एटलान्टाको बाहिरी इलाका आर्कवर्थनजीक योङ एशियन मसाजमा हत्या भएको प्रहरीले जनाएको छ। उक्त घटनामा मारिएकाहरूमा दुईजना एशियाली महिला, एकजना श्वेत महिला र एकजना श्वेत पुरुष रहेका छन् भने एकजना हिस्पानिक समुदायका व्यक्ति घाइते भएका छन्।

एटलान्टा प्रहरी विभागले उत्तरपूर्वी एटलान्टाका दुईवटा व्यवसाय– गोल्ड मसाज स्पा र अरोमा थेरापी स्पामा आक्रमण भएको र त्यहाँ चारजना महिलाको हत्या भएको जनाएको छ। प्रहरीले मारिने चारैजना एशियाली मूलका महिला भएको बताएको छ।

प्रहरीले उक्त तीनवटै आक्रमणमा रोबर्ट आरोन लोङ संलग्न रहेको आशङ्का गरेको छ।

एटलान्टा प्रहरी प्रवक्ता सर्जेन्ट जोन चाफले प्राप्त प्रमाणहरूले उक्त तीनवटै आक्रमणमा चिरोकी काउन्टी निवासी रोबर्ट आरोन मुख्य आशङ्कित व्यक्ति रहेको भेटिएको बताए। उनले पक्राउ परेका व्यक्ति हाल प्रहरी हिरासतमा रहेको जानकारी दिए।

प्रहरीले आरोनलाई एटलान्टाबाट करीब २४० किलोमिटर टाढाबाट गिरफ्तार गरेको थियो। मृत्यु भएका सबैलाई गोली लागेको प्रहरीको भनाइ छ। अमेरिकी सङ्घीय जाँच ब्युरोले पनि उक्त घटनामा स्थानीय प्रहरीलाई अनुसन्धानका लागि सहयोग गरिरहेको प्रहरीले जनाएको छ।

जर्जियामा करीब पाँच लाख एशियाली मूलका व्यक्ति बसोबास गर्दछन् अर्थात् यहाँको कुल जनसङ्ख्याको करीब चार प्रतिशत एशियाली मूलका छन्।

जर्जियाको डेमोक्रेटिक पार्टीले मङ्गलवारको उक्त गोलीकाण्ड निकै भयानक र त्रासदीपूर्ण रहेको बताएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले गत बिहीवार राष्ट्रका नाममा सम्बोधन गर्दै एशियाली अमेरिकीमाथि भइरहेका तिरस्कारयुक्त घृणित अपराध अमेरिकाको लागि लज्जाको विषय रहेको भन्दै कडा शब्दमा निन्दा गरेका थिए।

उनले भनेका थिए, "यो गलत छ। यो गैरअमेरिकी कदम हो। यसलाई रोक्नै पर्दछ।" रासस

## वागमती सिंचाइ बृहत आयोजनामा परिणत हुँदै

वाग्मती, ४ चैत/रासस

किसानको खेतमा सिंचाइ सुविधा पुऱ्याउनका लागि स्थापना भएको २७



प्रतीकात्मक तस्वीरः सौजन्य

वर्षपछि वाग्मती सिंचाइ आयोजनाको कामलाई बृहत् आयोजनाका रूपमा विकसित गर्ने प्रक्रिया शुरू भएको छ। साथै, रौतहट र सर्लाहीमा खेती सिंचाइको कार्य गर्दै आएको सो आयोजनाले धनुषा र महोत्तरी जिल्लामा समेत थप सिंचाइ गर्ने प्रक्रिया अगाडि बढाएको छ।

वाग्मती सिंचाइ आयोजना विस्तारको ढाँचामा गएको उल्लेख गर्दै आयोजना प्रमुख मित्र बरालले भने, "धनुषा र महोत्तरी जिल्लामा सिंचाइको पूर्वाधार निर्माण गर्नका लागि डिपिआर तयारीको चरणमा रहेको छ।" साथै सिन्धुलीको फुर्कोटमा सुनकोशी नदीमा १३.१ किमी बाँध बनाएर टनेलमार्फत मरिन नदी हुँदै वाग्मती नदीमा पानी थप्ने गरी काम भइरहेको छ। सो काम पूरा गर्नका लागि दुई वर्ष लाग्ने आयोजनाका वरिष्ठ इन्जिनीयर कलामुद्दिन अन्सारीले जानकारी दिए। त्यसको हालै प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए।

विसं २०५० मा अर्थात् २७ वर्षअगाडि रौतहट र सर्लाही जिल्लामा किसानको खेत सिञ्चित गर्न र अन्नबालीको उत्पादकत्व बढाउनका लागि निर्माण गरिएको सो आयोजना सरकारको लक्ष्य अनुसार सञ्चालनमा रहेको छैन। सो आयोजना वर्षौंपिच्छे टालटुल र मर्मतसम्भारमा केन्द्रित रहेको बताइएको छ। वाग्मती नदीमा पानी बहावमा कमी आएपछि आयोजनाको नहरमा पानी सञ्चालन पनि घट्दै गएको किसानको गुनासो रहेको छ।

नेपाल सरकारको सो दुवै जिल्लामा एक लाख २२ हजार हेक्टर जमीनमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहे पनि ४५ हजार ६०० हेक्टर जमीनमा मात्र सिंचाइ भइरहेको आयोजनाले जनाएको छ। आयोजनाको निर्माणदेखि हालसम्म ३७ प्रतिशतमात्र सिंचाइ सुविधा पुग्दै आएको छ।

२०४५ सालदेखि निर्माण शुरू भई २०५० सालमा निर्माण सम्पन्न भएको सो आयोजना कार्यान्वयनमा आए पनि वाग्मती नदीमा पानीको कमी र बाढीले नहरका संरचनाहरू क्षतिग्रस्त भएकाले सिंचाइमा समस्या आएको जानकारी दिँदै प्रमुख बरालले विगतको तुलनामा सिंचाइ कम भइरहेको बताए।

सिंचाइको आवश्यकता पूरा गर्नका लागि वाग्मती नदीको ब्यारेजमाथि उच्च बाँध (हाइड्याम) बनाउने कुरा थियो तर त्यहाँ बस्ती निर्माण र मदन भण्डारी राजमार्ग माथिल्लो क्षेत्रबाट गएकाले उच्च बाँध निर्माण हुन सकेन। सोको फलस्वरूप नियमित सिंचाइमा मात्र सीमित रहेको त्यहाँका प्राविधिकहरूको भनाइ रहेको छ। कुल लम्बाइ ४९ किमी रहेको सो आयोजनाको मूल नहरको पूर्वतर्फ २१ किमी र पश्चिमतर्फ २८ किमी लम्बाइ रहेको छ। उपनहर, नहरी तथा अन्य भौतिक पूर्वाधारहरूसमेत रहेको छ। आयोजना सञ्चालनका लागि पूर्वमा तीन र पश्चिममा तीन गरी छवटा शाखा छन्।

आयोजनाको कामलाई प्रभावकारी बनाउन चालू आर्थिक वर्षमा ८० वटा बोलपत्र भएको आयोजनाले जनाएको छ। हाल त्यहाँ नहरको संरचना निर्माण, मर्मतसम्भार र ब्यारेज मर्मत र नहर सफाइको काम भइरहेको छ। चालू आवमा आयोजनाको हालसम्मको आर्थिक प्रगति ३० र भौतिक प्रगति ४० प्रतिशत भएको आयोजना प्रमुख बरालले जानकारी दिए। आयोजनाको प्रमुखमा बराल आएपछि सिंचाइको काममा थप सुधार र प्रगति भएको जल उपभोक्ताको भनाइ रहेको छ।

### माध्यमिकी परिक्रमा....

बस्नेछन्।

त्यसपछि धनुषाधाम, औरही, विशौल हुँदै पुनः भारतको कलानेश्वर पुगेर फागु पूर्णिमाको दिन जनकपुर फर्कनेछ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले यात्रुको सुविधाका लागि १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको छ।

नेपाल–भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको १५ दिने माध्यमिकी परिक्रमा यात्राको नेपालमा १३ स्थान र भारतमा दुई गरी १५ विश्रामस्थल छन्। यस यात्राका सहयात्रीले नेपालका १०७ एवं भारतको २६ गरी १३३ किलोमिटर भूमि पैदलयात्रा तय गर्ने परम्परा छ। परिक्रमामा भारत अयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सीतामढी, बैजनाथधामका साधुहरू उल्लेख्यरूपमा सहभागी छन्।

फागुन शुक्ल प्रतिपदाको शुभसाइतबाट प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगी होली खेलेर फागुन पूर्णिमा तिथि पारी समापन गरिन्छ। परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता छ।

लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रीहरू भारतको कलना, फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड, कञ्चनवन हुँदै धनुषाको पर्वता धनुषाधाम, सतोषर, औरहीमा एक/एक रात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुर आइपुग्छन् र पूर्णिमाको बिहान जनकपुरको अन्तरगृह परिक्रमा गरी होली खेली १५ दिवसीय यात्रा सम्पन्न गरिन्छ।

सुख, समृद्धि, मानसिक शान्ति तथा चार धामको दर्शन गरेबराबरको फल प्राप्ति हुने यस यात्राका सहभागीको विश्वास छ। प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा निर्माण गरिएका कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वर शिवालयलाई आधार मानी यो परिक्रमा यात्रा शुरू गरिएको हो। यस यात्रालाई मिथिलाको महाकुम्भ नामले पनि चिनिन्छ।

### विद्यालयमा सार्वजनिक बिदा

मिथिला माध्यमिकी परिक्रमा मेलाको अवसरमा महोत्तरीको जलेश्वर नगरपालिका क्षेत्रका विद्यालयहरुमा बुधवार सार्वजनिक बिदा दिइयो। जलेश्वर नगरपालिका क्षेत्रमा यात्रु बुधवार आइपुग्ने अग्रिम जानकारी भएकोले पहिले नै सार्वजनिक बिदा दिइएको नगरपालिकाले जनाएको छ।

मिथिला माध्यमिकी परिक्रमा यस भेगको महान् धार्मिकयात्रा र लोक परम्परा भएको हुँदा उत्सव मनाउन सार्वजनिक बिदा घोषणा गरिएको प्रमुख प्रशासकीय अधिकृत रामुराज कडरियाले बताए। जलेश्वरमा डोला आउने दिन यहाँका जनजन परिचालित हुने र महत्वपूर्ण धार्मिक अवसर भएकोले बिदा दिने निर्णय गरिएको कडरियाले बताए।

जलेश्वरमा बुधवार बिहानैदेखि माध्यमिकी परिक्रमाका यात्री आइपुग्ने क्रम शुरु भएको थियो। जिल्लाको मटिहानीमा चौथो दिनको रात्रिविश्राम गरेका यात्री सात किलोमिटर दूरी छिचोल्दै सूर्योदयसँगै जलेश्वर आइपुगेका हुन्। यात्रुहरु आउने क्रम साँझसम्म जारी थियो।

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – आरोग्यता | कर्कट – पदोन्नति |
| सिंह – ईश्वरभक्ति | कन्या – कष्टानुभूति |
| तुला – यात्रालाभ | वृश्चिक – धनलाभ |
| धनु – प्रसन्नता | मकर – वाहनकष्ट |
| कुम्भ – मित्रमिलन | मीन – सुयशः |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८

# दोस्रो चरणमा पर्सामा करीब तीस हजारजनाले खोप लिए

प्रस, वीरगंज, ३ चैत/
पर्सा जिल्लामा दोस्रो चरणको सरकारले ६५ वर्ष उमेरमाथिका ज्येष्ठ नागरिक र पहिलो चरणको दुईपटक १२ हप्ताभित्रमा अर्को खोप लिने व्यवस्था अनुसार सरकारले पहिलो चरणको


खोप लगाउन पालो कुर्दै ज्येष्ठ नागरिकहरू। तस्वीरः प्रतीक

कोरोनाविरुद्धको खोप करीब तीस हजार जनाले लिएको स्वास्थ्य कार्यालय पर्साका प्रमुख कामेश्वर चौरसियाले बताए।

दोस्रो चरणको खोप फागुन २३ देखि चैत २ गतेसम्मको समयसीमा तोकिएकोमा खोप मौज्दात भएपछि पर्सा जिल्लामा चैत ३ गते पनि लगाइएको र सो अवधिमा २९ हजार ४ सय ४० जनाले खोप लिएको प्रमुख चौरसियाले प्रतीकलाई बताए।

उनले बुधवार दोस्रो चरणको खोप लगाउने काम सकिएको र अब पहिलो चरणको दुईपटक प्राथमिकतामा परेकाहरूलाई वैशाख ७ गतेदेखि दिने खोपको तयारीमा जुटेको बताए। प्राथमिकतामा परेर छुटेकाहरूलाई फागुन २३ गतेदेखि दोस्रो चरणमा खोप लगाइएको थियो।

पर्सा जिल्लाको वीरगंज महानगरपालिकाका ३२ वटै वडा, बहुदरमाई नगरपालिका, कालिकामाई, छिपहरमाई, पकहामैनपुर, विन्ध्यवासिनी, धोबिनी गाउँपालिकाका स्वास्थ्य चौकीमार्फत दोस्रो चरणको खोप लगाइएको थियो। दोस्रो चरणको लागि पर्सा जिल्लामा ३५५० फाइल खोप आएको प्रमुख चौरसियाले बताए। एउटा फाइलबाट दशजनालाई खोप लगाइन्छ।

पहिलो खोप लिएकाहरूले ८ देखि दुईपटक प्राथमिकतामा परेका चिकित्सक, स्वास्थ्यकर्मी, वारुणयन्त्र, शववाहन, एम्बुलेन्स चालक, सुरक्षाकर्मी, पत्रकार, जनप्रतिनिधि, सफाइकर्मीलाई वैशाख ७ गतेदेखि दिने सरकारले व्यवस्था गरेको छ। दोस्रो चरणमा लिएकाहरूलाई भने त्यसपछि मिति तय हुने बताइएको छ। पहिलो चरणको खोप नेपालमा माघ १४ गतेदेखि शुरू भएको र सोही चरणको दोस्रो प्राथमिकताको खोप फागुन २ गतेदेखि शुरू भएको थियो। दोस्रो चरणको खोप भने फागुन २३ गतेदेखि चैत २ गतेसम्म ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक लक्षित थियो।

# पत्रकार महासङ्घको निर्वाचन चैत २५ गते

काठमाडौं, ४ चैत/रासस
नेपाल पत्रकार महासङ्घको निर्वाचन यही चैत २५ गते हुने भएको छ। महासङ्घका उपलब्ध सदस्य सम्मिलित केन्द्रीय समितिको बुधवारको बैठकले जिल्ला, प्रदेश, केन्द्र, प्रतिष्ठान र एशोसिएट संरचनाको निर्वाचन तीन हप्तापछि एकै दिन गर्ने निर्णय गरेको सचिव प्रकाश थापाले जानकारी दिए। महासङ्घको संशोधित विधान अनुसार केन्द्रीय साधारणसभा गत फागुन ४ र ५ गते सम्पन्न भइसकेको छ।

चैत ७ गते सबै तहको निर्वाचन कार्यतालिका प्रकाशन हुने महासङ्घले जनाएको छ।

निर्वाचनको मिति तय भएसँगै आजैदेखि पत्रकार कपिल काफ्लेको संयोजकत्वमा गठित निर्वाचन समितिले काम अघि बढाउने जनाइएको छ। समितिका सदस्यमा अधिवक्ता अरुण पौडेल, कपिलचन्द्र पोखरेल, कृष्णमाया भुसाल, हरेन्द्र राई र देवेन्द्र झा तथा सदस्य–सचिवमा भक्तिराम घिमिरे रहेका छन्।

# तराई यातायात व्यवसायी सङ्घको साधारणसभा सम्पन्न

प्रस, निजगढ, ४ चैत/
तराई यातायात व्यवसायी सङ्घ सिमरा बाराको १५औं वार्षिक साधारणसभा बुधवार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवं प्रदेश नं २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको तराई यातायात व्यवसायी सङ्घका प्रतिनिधिहरूले बताए। जङ्गल मासेर तौल पुल बनाइएको थिएन। तौल पुलको आवश्यकता छ। कसैलाई कुनै समस्या पनि छैन। तौल पुलका कारण अत्यधिक लोडलाई न्यूनीकरण गर्न मदत हुन्छ, यातायात व्यवसायीहरूले बताए। व्यवसायीहरू विस्थापित समेत भएको बताउँदै यसतर्फ राज्यको ध्यान नगएको भन्दै उनले दुःखेसो पोखे।

नेपाल ट्रक व्यवसायी महासङ्घका अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले व्यवसायीहरूलाई राज्यले दोस्रो दर्जाको नागरिक सरह व्यवहार गर्दै आएको



तस्वीरः प्रतीक

ठूलो लगानी रहेकोमा तराई यातायात व्यवसायी सङ्घ सिमराको पनि महत्त्वपूर्ण योगदान रहेको बताए।

यातायात क्षेत्र मुलुकमा ठूलो रोजगारदाताको रूपमा स्थापित भएकोले यसमा रहेका समस्यालाई समाधान गर्न आफू तयार रहेको मुख्यमन्त्री गद्दीले बताउँदै प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लाखौं व्यक्तिलाई रोजगार सिर्जना गरेकाले यातायात क्षेत्रलाई सबैले आआफ्नो ठाउँबाट सहयोगी भूमिका खेल्नुपर्ने बताए।

यातायात क्षेत्रलाई बेलैमा उचित संरक्षण गर्न सरकारले बेवास्ता गरे हरेक क्षेत्रमा ठूलो असर पर्नेमा दुई मत नहुने उनले जिकिर गरे। यातायात क्षेत्रको सुदृढीकरणका लागि स्थानीय, प्रदेश र केन्द्रीय सरकारले आआफ्नो क्षेत्राधिकारभित्र रही पारदर्शीपूर्वक सकारात्मक भूमिका खेल्नुपर्ने बताए। उनले त्यसमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

यातायात व्यवसायीका लागि पार्किङको समस्या रहेकाले यस विषयमा स्थानीय, प्रदेश र सङ्घीय सरकारको ध्यान जानुपर्ने यातायात व्यवसायीहरूले माग गरे।

लामो समयदेखि बन्द रहेको तौल पुल धर्मकाँटा सञ्चालनमा ल्याउन पटक–पटक आफूहरूले सरकारलाई आग्रह गरिरहे पनि सरकारले ध्यान नदिएको "केही कानूनी विधि भए संशोधन वा कानूनमा स्पष्ट व्यवस्था मिलाएर तौल पुल सञ्चालनमा ल्याउन सरकारले किन ध्यान दिंदैन। वर्षौंदेखि बन्द रहेको तौल पुल सञ्चालनमा ल्याउनुपर्छ भन्ने माग नाजायज माग हो र ?" व्यवसायीहरूले भने।

यसैगरी, सङ्घीइ सांसद कृष्णकुमार श्रेष्ठले आफू पनि यस क्षेत्रको व्यवसायी भएकोले यातायात सुदृढीकरणका लागि केन्द्रलाई घचघच्याउन यातायात व्यवसायी टीमसँग अगुवाइ गर्ने प्रतिबद्धता जाहेर गरे।

व्यवसायीहरूको प्रतिनिधित्व गर्दै वैकुण्ठ श्रीवास्तवले यातायात व्यवसायीहरूका हकहितका लागि सरकारले गम्भीरतापूर्वक ध्यान नदिएको आरोप लगाए। उनले कोभिडको महामारीमा समेत यातायात क्षेत्रले उच्च जोखिम मोलेर जनता र मुलुकको सेवामा लागिपरेको बताए। कोभिडकै कारण व्यवसाय धरापमा समेत परेको छ। बैंकको किस्ता बुझाउन नसक्दा बताए। हामीले मुलुकमा पुऱ्याइरहेको कार्यको कहिल्यै सरकारले देखेन। एक महीना यातायात बन्द गर्ने हो भने देशको अवस्था कस्तो हुन्छ। सरकारले कहिल्यै यस विषयमा सोचेन। अबका दिनहरूमा राज्यले हाम्रो व्यवसायको विषयमा गम्भीर हुनसमेत उनले आग्रह गरे।

कार्यक्रममा तराई यातायात महासङ्घका महासचिव राजेन्द्रविक्रम बानिया, नेपाल ट्रक व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष अर्जुन रानाभाट, ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष विश्वनाथ खनाल, नारायणी यातायात व्यवसायी सङ्घ हेटौंडाका अध्यक्ष हीरालाल श्रेष्ठ, प्रदेशसभा सदस्य शोभा लामा, तराई यातायात व्यवसायी सङ्घका सल्लाहकार अच्युत मैनाली, संविधानसभा सदस्य शोभाकर पराजुली, नारायणी रायमाझीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

तराई यातायात व्यवसायी सङ्घका अध्यक्ष शङ्करकुमार विष्टको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# भारतीय पेय पदार्थको तस्करी बढ्यो

प्रस, वीरगंज, ४ चैत/
वीरगंजलगायत पर्सा जिल्लाभरि अहिले भारतीय पेय पदार्थहरू तस्करीको माध्यमबाट भित्रिंदै छन्। फागु पूर्णिमालाई लक्षित गरेर बर्सेनि भारतीय कोक, फेन्टा, स्प्राइट, मैङ्गो जुस बजारभरि छ्याप्छ्याप्ती छन्।

नेपालमा उत्पादित यी पेय पदार्थहरू भारतबाट तस्करीको माध्यमबाट आउँदा राजस्वमा प्रतिकूल असर परेको छ। नेपालको तुलनामा भारतीय पेय पदार्थ सस्तो भएको र खुला सीमानाकाबाट भित्रिने क्रम जारी रहेको व्यवसायीहरूले बताएका छन्।

लकडाउन र चीसोपछि फागु पूर्णिमामा पेय पदार्थहरूको सबैभन्दा बढी बिक्री हुने गरेको र यसै बेलामा भारतीय



पेय पदार्थहरू तस्करीबाट भित्रिएको कारण व्यवसायमा घाटा भएको र राजस्व प्रभावित हुने बताइएको छ। यसैक्रममा प्रहरीले मङ्गलवार वीरगंजका केही पसलमा छापा मारी रु ३ लाख बराबरको पेय पदार्थ जफत गरेको छ।

छापामारीको क्रममा वीरगंज–२५ निवासी ३६ वर्षीय रामबाबू पटेललाई पक्राउ गरेको छ। पक्राउ पर्ने पटेलमाथि राजस्व छली, चोरी कसूर मुद्दा लगाइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।




# काँचो सालको रूख काट्दै गर्दा तीनजना पक्राउ

प्रस, पंचगावाँ, ४ चैत/
पटेर्वासुगौली गाउँपालिकाको राष्ट्रिय जङ्गलबाट तीनजना काठ तस्कर पक्राउ परेका छन्।

वडा नं ४ भतौडानजीकै रहेको पर्सा राष्ट्रिय निकुञ्जको चारभैया जङ्गलबाट काँचो सालको गोलिया काठसहित उमेश महतो, राजेश महतो, सरोज मुखिया पक्राउ परेको निकुञ्जले जनाएको छ।

१२ जनाको तस्कर समूहले चारभैया जङ्गलमा काँचो सालको रूख काट्दै गरेको अवस्थामा निकुञ्जको टोलीले तीनजनालाई पक्राउ गरेको र अन्य फरार भएको निकुञ्ज प्रशासनले जनाएको छ। पक्राउ परेका तीनजनाको बयानको आधारमा फरार भएका ९ जनाको खोजतलाश भइरहेको निकुञ्जका सूचना अधिकारी रमेश अधिकारीले बताए।

सो क्षेत्रको भतौडा, गदियानी, कञ्चनपुर बैरिया, सोनवर्षा, देउरिया, निचुटा, जगरनाथपुरलगायतका क्षेत्रमा काठ तस्करी व्यापकरूपमा भइरहेको स्थानीयले बताएका छन्। पक्राउ परेका तीनजनालाई निकुञ्जको कार्यालय आधाभारमा राखिएको सूचना अधिकारी अधिकारीले बताए।

## साहिदको............

गाउँमा जन्ती आएको बेला बाहिर निस्केका साहिदलाई अमर हुसेनले गाँजा खानको लागि घटनास्थलमा लिएर गएको र त्यहीं थप दुईजना आबेद्दीन र क्यामुद्दीन रहेको र उनीहरूले मिलेर हत्या गरेको प्रहरीले जनाएको छ। मृतक साहिदलाई घाँटी थिचेर ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गरेको र दाबले खुट्टा, कम्मर, ढाडमा प्रहार गरेको प्रहरीले दाबी गरेको छ।

हत्यापछि तीनैजनाले साहिदलाई घिसार्दै खाल्डोमा पुरेर भागेको बयान दिएको पत्रकार सम्मेलनमा प्रहरीले बताएको छ। हत्याको कारण पारिवारिक तथा जग्गाजमीनसम्बन्धी विवाद, प्रेम सम्बन्ध, रिसइबी रहेको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी गराएको थियो।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# फर्निचर मेला निराशाजनक

प्रस, रौतहट, ४ चैत/
नेपाल विश्वकर्मा सङ्घ रौतहटको उपभोक्ताले एकै स्थानबाट खरीद गर्न पाउने गरी सञ्चालित मेलामा विगत


मेलामा बिक्रीका लागि राखिएको काठबाट बनेका सामग्रीहरू। तस्वीरः प्रतीक

आयोजनामा रौतहटको जयनगरमा शुरू भएको फर्निचर मेला उत्साहजनक नभएको व्यापारीहरूले बताएका छन्। शिवरात्रिको अवसरमा शुरू गरिएको फर्निचर मेलामा रौतहट, बारा र सर्लाहीका व्यापारीहरूले स्टल राखेका छन्।

उक्त स्टलमा स्थानीयस्तरमा उत्पादित काठका साथै फलामका फर्निचर तथा औजारहरू राखिएका छन्। विभिन्न फर्निचर सामग्री तथा औजारहरू वर्षहरूभन्दा कारोबार कम भइरहेको व्यापारीहरूले बताएका छन्।

विगतमा छिमेकी जिल्लाका साथै सीमापारि भारतबाट समेत खरीदकर्ताहरू मेलामा आउने गरेका थिए। यस वर्ष कोभिडको कारण सीमानाका आंशिक मात्रै खुला छ। छिमेकी जिल्लाका उपभोक्ताहरू पनि कोभिडको कारण क्रयशक्तिमा कमी आएकोले मेलामा खासै उपस्थिति नभएको व्यापारी जयमङ्गल ठाकुरले बताए।